नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड
बबरमहल, काठमाण्डौ

पत्र संख्या: २०८२।०८३
च.नं १८८४

फोन नः ०१-४१००२२४
टोल फ्रि: १६६००११२२४
बबरमहल, काठमाडौं

मितिः २०८३।०२।१८

श्री सेवा प्रदायक स्वास्थ्य संस्थाहरू (निजी)

विषयः जानकारी सम्बन्धमा।

उपरोक्त सम्बन्धमा मिति २०८३।०२।१२ गते निजी सेवा प्रदायक स्वास्थ्य संस्थाहरूलाई प्रेषित पत्रबारे अवगत नै होला। उक्त निर्णय कार्यान्वयनका क्रममा कुनै बिरामीको स्वास्थ्य अवस्थामा आकस्मिक उपचार आवश्यक पर्ने प्रकृतिको देखिएमा मात्र आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नुहुन साथै त्यस्ता आकस्मिक बिरामीलाई उपचारको क्रममा भर्ना (IPD) वा शल्यक्रिया (OT) समेत आवश्यक पर्ने भएमा उपचार पद्धति अनुसार उपचार गरी डिस्चार्ज गर्न सकिने व्यहोरा जानकारी गराइन्छ। तर सामान्य प्रकृतिका बिरामीलाई आकस्मिक सेवा अन्तर्गत उपचार प्रदान गरी दाबी पेश गरिएमा त्यस्ता दाबीहरूको भुक्तानी नगरिने तथा प्रचलित कानुन बमोजिम भैजाने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

साथै, आम सेवाग्राहीहरूलाई समेत यस सूचनाको पूर्ण पालना गरी सेवा प्रदायक संस्था तथा स्वास्थ्यकर्मीहरूमाथि अनावश्यक दबाब सिर्जना नगर्न तथा तोकिए बमोजिमको आवश्यक उपचार सेवा प्राप्त गरी सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ।

डा. पवन कुमार साह
वरिष्ठ मेडिकल सुपरिन्टेन्डेन्ट

बोधार्थः

श्री स्वास्थ्य बीमा बोर्ड, दाबी व्यवस्थापन शाखा – सोही बमोजिम दाबी समीक्षा, मूल्यांकनका लागि।